**अनुसूची- २**

(दफा ४तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

रुन्टीगढी गाउँपालिका, रोल्पा

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३ .मितिः २०७५/० ८ /१५

**भाग-१**

**रुन्टीगढी गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

## रुन्टीगढीगाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४

**प्रमाणीकरण मिति :** २०७५/०८/२०

**स्थानीय राजपत्रमाप्रकाशितमिति :**२०७५/०८/२१

**२०७५ सालको ऐन नं. ३.**

**प्रस्तावनाः**नेपालको संविधानको अनुसूची ८ र ९तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीयतहलाई तोकिएकोअधिकार क्षेत्रभित्रकाविषयमाआवश्यककानूनबनाई प्रशासकीयकार्यविधिनियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिम रुन्टीगढी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्तनाम, बिस्तार र प्रारम्भ:**(१) यो ऐनको नामरुन्टीगढी गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐनरुन्टीगढीगाउँपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन"भन्नाले रुन्टीगढीगाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले रुन्टीगढीगाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले रुन्टीगढीगाउँपालिका सम्झनु पर्छ ॥

(घ) "सभा"भन्नाले संविधानको धारा २२२बमोजिमको गाउँसभासम्झनु पर्छ ।

(ङ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियमबनाउने अधिकार** : (१) नेपालको संविधानतथास्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमगाउँपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तरुन्टीगढीगाउँकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्नेविषयमामात्रबनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीरुन्टीगढीगाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

आज्ञाले,
चिरनन्जिवी जि.एम.
प्रमुख प्रशासकीय अधिकृत